यो आकाशवाणी हो।

National News Bulletin  Feb 11, 2025

प्रमुख समाचार:

- प्रधानमन्त्री नरेन्द्र मोदीले पेरिसमा ए आई शिखर सम्मेलनमा आर्टिफिसियल इन्टलिजेन्स अर्थात कृत्रिम बुद्धिमत्ताको परिवर्तकारी प्रभावमा प्रकाश पार्दै वर्तमान शताब्दीमा मानवताका लागि मानक लेख्ने यो एक निर्णायक शक्ति भएको बताउनु भएको छ।
- सुरक्षित इन्टर्नेट दिवसको अवसरमा सूचना, सुरक्षा, शिक्षा एवं सचेतना कार्यक्रम आज सिक्किम राज्यका विभिन्न स्थानमा पालन गरिए।
- प्रसिद्ध साहित्यकार श्री थिरूप्रसाद नेपाल आज नवौं तुलसीराम शर्मा कश्यप स्मृति पुरस्कार 2025 ले सम्मानित हुनुभएको छ।
- भोलि माघी पुर्णिमा स्नान अघि, प्रयागराज महाकुम्भमा तयारीहरू जारी छन्।

पिएम मोदी ए आई सम्मिट

पेरिसमा ए आई अद् कृतिम बुद्धिमत्ता कार्यवाही शिखर समेलनमा प्रधानमन्त्री नरेन्द्र मोदीले एआई को परिवर्तनकारी प्रभावलाई उजागर पार्दै ''यो शताब्दीमा यसले मानवताका लागि मानक लेखी रहेको'' भन्दै एक निर्णयक शक्ति भएको बताउनु भएको छ।

शिखर सम्मेलनको फ्रान्षेली राष्ट्रपति Emmanual Mrcron का साथ सह-अध्यक्षता गर्दै प्रधानमन्त्री मोदीले ए आई विगतको कुनै पनि तकनीकी माइलखुट्टी सरह होइन भन्दै शासन प्रति यसको एक वैश्विक जिम्मेवारीपूर्ण र समावेशी दृष्टिकोण रहनुपर्ने भन्नुभयो।

श्री मोदीले ए आई को संभावनालाई रेखांकित गर्दै, स्वास्थ्य हेर्चाह , शिक्षा र कृषिमा क्रान्ति ल्याउँदै यसले लाखौं मानिसहरूको जीवनमा सुधार ल्याउनेछ भन्नुभयो। यसले सतत् विकासका लक्ष्यहरू तर्फ तीव्र तथा बढ्ि प्रभावी प्रगति गर्नेछ, उहाँले भन्नुभयो।

प्रधानमन्त्री मोदीले मशीनहरू होइन तर मानवहरूसित ए आई को भविष्यको चाबी रहेको भन्नुभयो। उहाँले वैश्विक नेताहरूसित ए आई को विकासलाई जिम्मेवारीपूर्ण पाराले आकार दिने र सामूहिक हितका लागि यसले काम गरोस भनि सुनिश्चित गर्ने आवहान गर्नुभयो।

प्रधानमन्त्री ऊर्जा सप्ताह

प्रधानमन्त्री  नरेन्द्र मोदीले पहिल्ला एक दशकमा भारत दसौं स्थानबाट बढ़ेर पाँचौ सबभन्दा ठूलो अर्थव्यस्था बनिएको भन्नुभएको छ। भारत ऊर्जा साता 2025 को उद्घाटन समारोहलाई भर्चुअल माध्यमद्वारा सम्बोधित गर्दै प्रधानमन्त्रीले देशको सौर उत्पादन क्षमता 32 गुणा बढ़ेको भन्नुभयो। उहाँले भारत, तेस्रो सबभन्दा ठूलो सौर ऊर्जा उत्पादक देश भएको भन्नुभयो। श्री मोदीले भन्नुभयो, गैर जीवाश्म ईधन ऊर्जा क्षमता तीन गुना भएको छ र भारत,पेरिस

सम्झौताका लक्ष्यहरूलाई प्राप्त गर्ने पहिलो G20 देश हो। प्रधानमन्त्रीले मोदीले जोड़ दिँदै भन्नुभयो, भारतले आफ्नो मात्रै होइन, दुनियाको प्रगतिमा पनि योगदान दिइरहेकोछ।

भारतको जैव ईंधन उद्योग तीव्रताका साथ अघाड़ी बढ्न तयार रहेको उहाँले भन्नुभयो।

इन्टरनेट दिवस

सुरक्षित इन्टरनेट दिवसको अवसरमा सूचना सुरक्षा शिक्षा एवम् सचेतना कार्यक्रम आज राज्यका विभिन्न स्थानमा पालन गरिए। मूलतः सुरक्षित इन्टरनेटको प्रयोगमा केन्द्रित रहेका कार्यक्रमहरूमा साइबर सुरक्षा, डिजिटल गिरफ्तारी अनि इन्टरनेटका माध्यमद्वारा हुने विभिन्न प्रकारका अपराध, ठगी र जालसाजीका विषयमा इन्टरनेट प्रयोगकर्ताहरूलाई सचेत गराउने उद्देश्य रहेको थियो।

राष्ट्रिय सूचना केन्द्र एनआईसी, सिक्किम एकाईले इलेक्ट्रोनिक्स अनि सूचना प्रौद्योगिकी मन्त्रालयको निर्देशनमा असल इटरनेटका लागि मिलेर काम गरौं विषयमा कार्यक्रमको आयोजना गरी सुरक्षित इन्टरनेट प्रयोगबारे जानकारी गराएको हो ।

कार्यक्रममा मुख्य सचिव श्री रविन्द्र तेलाङले भिडियो सन्देशद्वारा मानिसहरूलाई सचेत रहन आग्रह गर्नुभएको थियो। यसका साथै सिक्किम पुलिसका साइबर सेलका अधिकारी श्री थिन्ले जाङ्पो अनि एनआईसीका साइबर सुरक्षा प्रमुख श्री रनजीत चामलिङले विभिन्न विषयमा प्रकाश पार्नुभएको थियो। एनआईसीका वरिष्ठ निर्देशक डा. एलपी शर्माले कार्यक्रमको औचित्यमाथि प्रकाश पार्नुभएको थियो।

कश्यप पुरस्कार

वरिष्ठ साहित्यकार श्री थीरुप्रसाद नेपाल आज नवौं तुलसीराम शर्मा कश्यप स्मृति पुरस्कार 2025-ले सम्मानित हुनुभएको छ। आज गान्तोकको नेपाली साहित्य परिषद् भवनमा आयोजित 86 औं कश्यप जयन्ती एवम् पुरस्कार अलङ्करण समारोहमा उहाँलाई तुलसीराम शर्मा कश्यप स्मृति पुरस्कारले सम्मानित गरिएको हो। कार्यक्रमका मुख्य अतिथि कवि डा. राजेन्द्र भण्डारीलगायत नेपाली साहित्य परिषद्का अध्यक्ष श्री हरि ढुङ्गेल, तुलसीराम शर्मा कश्यप प्रतिष्ठानकी अध्यक्ष श्रीमती हीरालता शर्माले श्री नेपाललाई अङ्गवस्त्र, नगद राशि र प्रशस्ती पत्रद्वारा सम्मानित गर्नुभयो।

नेपाली साहित्य परिषद् र तुलसीराम शर्मा कश्यप प्रतिष्ठानद्वारा आयोजित कार्यक्रममा कविता वाचनसितै महाकवि तुलसीराम शर्मा अनि साहित्यकार राधाकृष्ण शर्माको योगदानमाथि पनि वार्ताहरू प्रस्तुत भएका थिए।

आफ्नो सम्बोधनमा मुख्य अतिथि डा. राजेन्द्र भण्डारीले मानव समाजमा साहित्य र कलाको महत्वमाथि प्रकाश पार्नुभएको थियो।

आफ्नो सम्बोधनमा श्री थिरुप्रसाद नेपालले साहित्य सिर्जनाले भाषाको संरक्षण र विकासमा महत् भूमिका निर्वाह गर्ने विचार व्यक्त गर्नुभएको थियो।

महाकुंभ- माघी पूर्णिमा

भोलि माघी पूर्णिमा स्नान अघि, प्रयागराज महाकुम्भमा तयारीहरू चलिरहेका छन्। कल्पवास गर्ने विशेष अनुष्ठानको समापन भएकोले गर्दा यो स्नानको धेरै महत्व छ। यस अवधिको दौरान, कल्पवासीहरू संगमका घाटहरूका छेउस्थित अस्थायी आवासहरूमा रहने गर्छन्।

यस वर्ष महाकुंम्भमा 10 लाख भन्दा बढ़िले कल्पवास गरेका छन्। उत्तरप्रदेश सरकारले श्रद्धालुहरूलाई आवश्यक सेवाहरू प्रदान गर्न अनि प्रभावी यातायत प्रबंधनका लागि विशेष व्यवस्था गरि रहेको छ।

उत्तर रेलवेले प्रयागराजको महाकुम्भमा श्रद्धालुहरूको सुविधालाई ध्यानमा राख्दै, आज 93( तिरानब्बे) भन्दा बढ़ि रेलगाड़ीहरू संचालित भएको भनेको छ।

- प्रधानमन्त्री नरेन्द्र मोदीले पेरिसमा ए आई शिखर सम्मेलनमा आर्टिफिसियल इन्टलिजेन्स अर्थात कृत्रिम बुद्धिमत्ताको परिवर्तकारी प्रभावमा प्रकाश पार्दै वर्तमान शताब्दीमा मानवताका लागि मानक लेख्ने यो एक निर्णायक शक्ति भएको बताउनु भएको छ।
- सुरक्षित इन्टर्नेट दिवसको अवसरमा सूचना, सुरक्षा, शिक्षा एवं सचेतना कार्यक्रम आज सिक्किम राज्यका विभिन्न स्थानमा पालन गरिए।
- प्रसिद्ध साहित्यकार श्री थिरूप्रसाद नेपाल आज नवौं तुलसीराम शर्मा कश्यप स्मृति पुरस्कार 2025 ले सम्मानित हुनुभएको छ।
- भोलि माघी पुर्णिमा स्नान अघि, प्रयागराज महाकुम्भमा तयारीहरू जारी छन्।